जि.प्र.का. सप्तरी द.नं. १२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ | अंक ७० | २०८२ साल असोज २५ गते शनिबार (11 Oct 2025 Saturday) | मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सकसपूर्ण दसैं... ३ पृष्ठमा : 'नेपाली पुगेका स्थानमा... ३ पृष्ठमा : इजरायली सरकारद्वारा गाजामा ...

# रुपनीमा आगलागि हुँदा ५० लाखको क्षति, एक जना घाइते



**दैनिक समाचारदाता**
**राजविराज, २४ असोज ।**

सप्तरीको रुपनी गाउँपालिका १ मा बिहीबार राती आगलागी हुँदा एक जना जलेर घाईते भएका छन भने लाखौंको धनमाल जलेर नष्ट भएको छ ।

शुक्रबार राति १० बजेतिर स्थानिय ललित यादवको घरमा जडान भएको विद्युत मिटरको तार सर्ट भई आगलागी हुँदा निभाउने क्रममा स्थानिय श्याम सुन्दर यादव जलेर घाईते भएका छन् । आगलागिबाट उक्त टोलका यादवसहित ६ जनाको घर जलेर नष्ट हुँदा ५० लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

आगो निभाउने क्रममा घाइते भएका २८ बर्षीय यादवको सोही पालिकास्थित मधेश प्रदेश प्रहरी अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक डम्बर पुरीले जानकारी दिए ।

आगलागीबाट स्थानिय ललित यादवको बाँसको टाटीको बेरा र टिनको छानो भएको दुइवटा घर, एक तोला सुन, १० तोला चाँदी, नगद ५० हजार रुपैयाँ, अन्नपात, लत्ताकपडा, भाँडाबर्तन र चौपाया जलेर नष्ट हुँदा सात लाख ५५ हजारको क्षति भएको छ ।

सोही ठाउँका सुनिल यादवको बाँसको टाटीको बेरा, टिनको छानो भएको दुइवटा घर, तीन तोला सुन र ५० तोला चाँदीको गरगहनाका साथै नगद ३ लाख रुपैयाँ, अन्नपात, भाडा बर्तनसमेत जलेको प्रहरीको भनाई छ ।

यस्तै छिमेकी श्याम सुन्दर यादवको बाँसको टाटीको बेरा, टिनको छानो भएको दुईवटा घर, तीन तोला सुन, ५० तोला चाँदी, नगद २ लाख रुपैयाँ अन्नपात, भाडा बर्तन, लत्ता कपडा पशु चौपाया गरी पन्ध्र लाख पैसट्ठी हजार रुपैयाँ बराबरको सम्पत्ति नष्ट भएको छ ।

यस्तै पार्वती देवी यादवको तीन तोला सुन, एक सय तोला चाँदीको गरगहना, नगद ७५ हजार रुपैयाँ, लत्ता कपडा गरी दश लाख पैसट्ठी हजार रुपैयाँ बराबरको क्षति भएको छ ।

शुक्रबार राति १० बजे शुरु भएको आगो राजविराज स्थित बरखगण भलुवाही ब्यारेक बाट प्रमुख सेनानी शोवित बहादुर चन्द सहित १७ जनाको टोली, नेपाल प्रहरी, सशस्त्र पहरी, कञ्चनरुप नगरपालिकाको दमकल र स्थानियवासीको मद्दतले तीन घण्टाको प्रयासपछी नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# ट्रकको ठक्करबाट वृद्धको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २४ असोज ।**

सप्तरीको अग्निसाईर कृष्णसावरण गाउँपालिकामा ट्रकको ठक्करबाट शुक्रबार एक बृद्धको मृत्यु भएको छ ।

गाउँपालिकाको वडा नं. २ चाँदनी चोकस्थित पुर्व-पश्चिम राजमार्गको निर्माणाधिन बाटोमा ट्रकको ठक्करबाट स्थानिय ७६ वर्षीय बमभोज चौधरीको मृत्यु भएको हो ।

चाइनिज आयोजनाको ना.१अ. यो नम्बरको ट्रक ब्याक गर्ने क्रममा पछाडिबाट बाटो काट्दै गर्नुभएका ७६ वर्षीय चौधरीलाई ठक्कर दिंदा उहाँको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायव उपरीक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए ।

ट्रक घटनास्थलमै रहेको र

*बाँकी अन्तिम पृष्ठमा*

# राजविराज बसपार्क संचालन प्रक्रिया अघि बढ्यो



**दैनिक समाचारदाता**
**राजविराज, २४ असोज ।**

राजविराज बस पार्क अब छिट्टै संचालनमा आउने भएको छ । सहरी विकास मन्त्रालयको लगानीमा सुविधा सम्पन्न बस पार्क निर्माण कार्य समपन्न भएपछी एक समारोहबीच गत जेठ १५ गते राजविराज नगरपालिकाका कार्यबाहक नगरप्रमुख इसरत परविनले उद्घाटन गरेकी थिइन् ।

चार पटक शिलान्यास तथा निर्माण कार्य सकिएपछी १ सय २२ दिन अघि उद्घाटन गरिएर पनि संचालनमा आउन सकेको छैन् । तर बस पार्कसम्म पुग्ने बाटोहरु जीर्ण भएको भन्दै यातायात व्यवसायीहरु त्यहाबाट सवारी साधन चलाउन मानेका थिएनन् । जसकारण सार्वजनिक सवारीसाधन बजार क्षेत्रको सडक किनारमै पार्किङ र संचालन हुँदा ट्राफिक झमेला बढेको थियो ।

बजार क्षेत्रको मुख्य सडकबाटै सवारी साधन संचालन हुँदा दुर्घटनाको जोखिम समेत बढाएको भन्दै जेन्जी समूहका यूबाहरुले बस पार्क संचालनका लागि नगरपालिका र स्थानीय प्रशासनमाथी दवाब बढाउँदै लगेपछी शुक्रबार जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल, प्रहरी उपरिक्षक गौतमकुमार केसी, कार्यबाहक नगर प्रमुख इसरत परविन,

*बाँकी अन्तिम पृष्ठमा*

# शव जलाउने स्थलबारे दुई पक्षबीच विवाद, वडा र नगरपालिका कार्यालयमा तालावन्दी

**दैनिक समाचारदाता**
**राजविराज, २४ असोज ।**

सप्तकोशी नगरपालिकामा शव जलाउने स्थलको विषयमा दुई पक्षबीच विवाद हुँदा वडा र नगरपालिका कार्यालयमा तालावन्दी गरिएको छ ।

नगरपालिकाको वडा नं. १ हेडबान स्थित त्रियुगा खोलाको किनारमा लाश जलाउने आर्यघाटमा रोक लगाइएको भन्दै स्थानीय बासिन्दाले वडा कार्यालय र नगरपालिकामा तालाबन्दी गरेका हुन् ।

शुक्रबार बिहान आर्यघाट वरपरका बासिन्दाले शव दाह गर्ने कार्यमा रोक लगाएपछि त्यस क्षेत्रमा बसोबास गर्ने करीब १५ देखि २० जना स्थानीय भेला भई वडा कार्यालय र सप्तकोशी नगरपालिकाको कार्यालयमा तालाबन्दी गरेको हो ।

उनीहरूले बर्षौंदेखि चल्दै आएको आर्यघाटमा शव जलाउने अधिकार सुनिश्चित गर्न माग गरेका छन् ।

यता सप्तकोशी नगरपालिकाका नगरप्रमुख कृष्ण ढकालले सो विवादका कारण वडा नं. १ र नगरपालिका कार्यालयमा तालाबन्दी गरिएको बताए ।

उनले त्यहाँ आवतजावत गर्ने वाटोको विषयलाई लिएर सामान्य विवाद बाहेको अरु केही नभएको भन्दै छिट्टै समस्या समाधान गर्ने प्रतिवद्धता जनाए ।

**आन्तरिक पर्यटन प्रवर्द्धन गरौं ।**

- नेपालका हिमशृङ्खला, तालतलैया, निकुञ्ज तथा आरक्ष, धार्मिक एवं पर्यटकीय स्थलहरूको भ्रमण गरौं,
- जात्रा, नाचगान, भेषभूषा, साहित्य, कलालगायत नेपाली संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गरौं,
- पर्यावरणमैत्री पर्यटनको विकास गर्दै जैविक विविधता संरक्षण गरौं,
- ग्रामीण पर्यटनका आधारको रुपमा रहेका होमस्टे, रैथाने खाना एवं सांस्कृतिक केन्द्रको विकास गरौं,
- पर्यटकको सेवा, सुरक्षा र सद्भावमा ध्यान दिऔं,
- स्वदेशी पर्यटकलाई प्रोत्साहन गरौं,
- आन्तरिक पर्यटनमार्फत रोजगारी सिर्जना गरौं ।

पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं !

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### जनताको चाहना अनुसार काम गरौं

कुनै पनि स्थानीय तहले जनताको अनुसार काम गर्नु पर्ने हुन्छ । स्थानीय स्तरमा कुनै पनि विकासको काम अगाडी बढाउनु पूर्व जनताको विचार र आवश्यकतालाई ध्यानमा राख्नु पर्छ । तर, यसमा जनताको चाहनालाई ध्यान दिएको देखिदैन् । विकासको कार्यलाई अगाडी बढाउन र निरन्तरता दिनका लागि जनताको आवश्यकता र चाहना आवश्यक छ । विकास भन्ने शब्द यस्तो पाटो हो जसले समाजको भौतिक रुपलाई सुन्दर बनाउछ । जुन सबै जनताको पहिलो चाहना र काम गर्ने नेताको पहिलो प्राथमिकतामा पर्दछ ।

समाजमा परिवर्तन ल्याउनु छ भने सबै भन्दा पहिले विकास अनिवार्य हो । विकासको नाममा भ्रष्टाचार गर्नु त्यो चाही कानुन विपरीत कार्य तथा जनताको चहानामाथी कुठाराघात गर्नु हो । जनप्रतिनिधिहरुले विकास त गर्छन तर, त्यसमा भ्रष्टाचार समेत गर्न भ्याउछन् । जुन अत्यन्त दुःखको विषय हो । यस बाहेक कुनै-कुनै स्थानमा त विकासको नाममा ब्रहमलुट नै मच्याएका हुन्छन् ।

विकासका लागि जनप्रतिनिधिहरुको सकारात्मक कदम, जनताको साथ र सहज वातावरण आवश्यक पर्दछ । तसर्थ कुनै पनि विकासीय कार्यका लागि जनताको विश्वास र दखललाई ध्यान दिनु अहिलेको आवश्यकता पनि हो ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सकसपूर्ण दसैंयात्रा

**सिबी अधिकारी**
काठमाडौं, २४ असोज (रासस) ।

सामान्य अवस्थामै पनि हरेक वर्ष दसैंको यात्रा निकै सकसपूर्ण हुने गरेको छ । चाहे त्यो हवाईजहाजको यात्रा होस् या सडकयात्रा दुवै कष्टकरपूर्ण हुन्छ । सङ्घीय राजधानी काठमाडौं बाहिरका गन्तव्य जाने र दसैं सकिएपछि गन्तव्य फर्किने नागरिकको सङ्ख्या अत्यधिक भएकाले हरेक वर्ष दसैंको यात्रा कष्टकर हुने गरेको छ । हवाई उडान महँगो भए पनि यात्रुले सहज रूपमा टिकट नपाउने समस्या छ । बसको टिकट पाउन पनि मुस्किल पर्छ । सधैंजसो दसैंको सकसपूर्ण यात्रालाई यसपटकको प्राकृतिक विपत्तिले झनै सकसपूर्ण बनायो ।

दसैंको विजयादशमीको भोलिपल्ट अर्थात् असोज १७ देखि २० सम्म निरन्तरको भारी वर्षाले मुलुकभरको जनजीवन प्रभावित भयो । मानवीय क्षति व्यहोर्नुपर्‍यो । राजधानी प्रवेश गर्ने मुख्य नाकाहरू अवरुद्ध भए । हवाई आवागमन पनि एक दिन पूर्ण रूपमा अवरुद्ध भयो । असोज १८ गते उडान प्रतिकूल मौसमका कारण त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट हुने सबै आन्तरिक उडान रद्दसमेत भयो । उक्त दिन प्रतिकूल मौसम तथा खराब 'इनरुट'का कारण हवाई उडान रद्द हुँदा उडानमा समेत अत्यधिक चाप बढ्यो ।

वायुसेवा सञ्चालक सङ्घका अध्यक्ष मनोज कार्कीले हरेक वर्ष दसैंको बेला उडान चाप व्यहोरिरहेका हवाई कम्पनीलाई यसपटक दसैंमै भएको प्राकृतिक विपत्तिले उडान चाप हुँदा यात्रुले निकै सकस व्यहोर्नुपरेको बताउनुभयो । उहाँले भन्नुभयो, "दसैंमा सामान्य अवस्थामा पनि हवाई उडान अत्यधिक चाप हुन्थ्यो । यसपटक प्राकृतिक विपत्तिले झनै सास्ती दियो । गन्तव्य पुगेकालाई फर्कन झनै सकस भयो । सडक अवरुद्ध हुँदा हवाई उडान चाप बढ्यो ।"

दसैंमा आवतजावत गर्ने महत्त्वपूर्ण माध्यम भनेको सडक तथा हवाई यातायात नै हो । अझ प्रभावकारी यातायातका रूपमा हवाईसेवालाई लिइन्छ । बर्सेनि दसैंका बेला यात्रुलाई हवाई जहाजको टिकट पाउन सकस हुन्छ । वायुसेवा प्रदायक कम्पनीले दसैं आउन एक महिनाअघि नै जहाजको टिकट बुकिङ पूर्ण भइसकेको बताउँछन् ।

उसै पनि दसैंमा चाप हुने गरेको हवाई उडान वर्षातपछिका बाढीपहिरोको विपत्तिले थप समस्या निम्त्यायो । यात्रुले महँगो मूल्य तिरेर पनि हवाई टिकट पाउन सकेनन् । समस्यामा परेका यात्रु दुई/चार दिनसम्म टिकटका लागि भौतारिनुपर्‍यो । हवाईसेवा कम्पनीलाई पनि यात्रुको चाप र प्रेसर धान्न ठूलै सकस भयो । यात्रुलाई मागबमोजिम टिकट उपलब्ध गराउन नसक्नु र हवाई उडान व्यवस्थापनको चुनौतीले एयरलाइन्स कम्पनीले पनि उत्तिकै सकस व्यहोरे । यात्रुको चाप बढेपछि एयरलाइन्सले केही गन्तव्यमा उडान थपेर पनि सेवा दिए । राति २:०० देखि ३:०० बजेसम्म पनि उडान गर्नुपर्ने बाध्यता रह्यो ।

**दश दिनमा एक लाख ३४ हजारले गरे हवाईयात्रा**

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको तथ्याङ्कानुसार दश दिनमा करिब डेढ लाखले हवाईयात्रा गरेका छन् । असोज १२ देखि २१ गतेसम्म कुल एक लाख ३४ हजार ५१५ यात्रुले हवाईयात्रा गरेका हुन् । यसमध्ये ७४ हजार ५९१ यात्रु बाहिरिए भने ५९ हजार ५४४ यात्रु काठमाडौं भित्रिएका छन् । उक्त अवधिमा एक हजार २८५ उडान र एक हजार २६३ अवतरण गरी कुल दुई हजार ५४८ उडान भएका छन् ।

**एकै दिन १९ हजार २५५ हवाईयात्रु**

विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार गत असोज २० गते आन्तरिकतर्फ एकैदिन १९ हजार २५५ यात्रु आवतजावत गरेका छन् । जसमध्ये नौ हजार ९३६ हवाई यात्रु काठमाडौं भित्रिए भने नौ हजार १३८ बाहिरिएका छन् । एक सय ८१ यात्रुले पर्वतीय उडान (माउन्टेन फ्लाइट) गरेका छन् । उक्त दिन आन्तरिकतर्फ १६४ उडान र १६० अवतरण गरी ३२४ उडान भएका थिए ।

आकडाअनुसार असोज १२ गते १४ हजार १८९, १३ गते १३ हजार १३५, १४ गते ११ हजार ७६९, १५ गते ११ हजार ८९१, १६ गते १३ हजार ३०९, १७ गते १६ हजार ३४५, १८ गते मात्र ६०३, १९ गते १६ हजार ३००, २० गते १९ हजार २५५ र २१ गते १७ हजार ७२२ यात्रुले हवाईयात्रा गरेका छन् ।

वर्षाले सडक अवरुद्ध भएपछि सडक सवारीसाधनबाट यात्रा गर्ने यात्रुले पनि हवाईयात्रा रोज्नुपर्ने बाध्यता भएकाले यसपटक हवाई उडानमा बढी चाप भएको सङ्घका अध्यक्ष कार्कीले बताउनुभयो । यात्रुको चापले एयरलाइन्सलाई उडान व्यवस्थापन गर्न पनि कठिनाइ भएको उहाँको भनाइ छ ।

दसैंको समयमा भएको प्राकृतिक विपत्तिले एयरलाइन्सलाई उडान व्यवस्था गर्न निकै चुनौती भएको बुद्ध एयरका बजार निर्देशक रूपेश जोशीले बताउनुभयो । "दसैंको एक दिन सम्पूर्ण उडान रद्द हुँदा त्यसको तीनचार दिनसम्म उडान व्यवस्थापन गर्न कठिन भयो", उहाँले भन्नुभयो, "बिहीबारसम्म एयरलाइन्सलाई उडान व्यवस्थापनमा समस्या भएको छ । शनिबारदेखि सामान्य अवस्थामा आउला ।"

बुद्ध एयरले मात्रै असार २० गते एकै दिन ११ हजार र २१ गते ११ हजार हाराहारी उडान गरेको छ । कम्पनीले अहिले दुईतर्फी दैनिक १६० उडान गर्दै आएको छ । उडान चाप बढेका बेला प्रतिकूल मौसमले उडान अवरोध हुँदा थप समस्या भएको निर्देशक जोशीको भनाइ छ ।

यती एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले दसैंको बेलाको प्राकृतिक विपत्तिले हवाई उडान व्यवस्थापन निकै सास्ती व्यहोर्नुपरेको बताउनुभयो । उहाँले भन्नुभयो, "दसैंमै एक्कासी परेको वर्षाले प्रतिकूल मौसम हुँदा उडानमा समस्या भयो । गत वर्ष दसैं अगाडि नै मनसुनी वर्षा भएकाले तुलनात्मक रूपमा दसैंमा उडान व्यवस्थापन गर्न कठिन भएको थिएन । यो पटक हवाईयात्रा सकसपूर्ण रह्यो ।" क्षमताभन्दा बढी उडान गर्नुपर्ने र टिकटका लागि यात्रुको प्रेसर थेगिनसक्नु रहेको प्रवक्ता बर्तौलाले बताउनुभयो । यतीले अहिले दैनिक दुइतर्फी ६० देखि ७० उडान गरिरहेको छ ।

यता श्री एयरलाइन्सका संस्थागत प्रबन्धक अनिल मानन्धर पनि यसपटक उडान व्यवस्थापन र यात्रुको चाप धान्न निकै कठिन भएको बताउनुहुन्छ । केही गन्तव्यमा उडान थपिए पनि उडान 'डिले' हुँदा व्यवस्थापनमा चुनौती बढेको बताउनुभयो । टिकटका लागि यात्रुको निकै प्रेसर थेग्नुपरेको उहाँले उल्लेख गर्नुभयो । श्रीएयरले पनि दैनिक दुईतर्फी करिब ७० उडान गर्दै आएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले तोकेको भाडादरअनुसार काठमाडौंदेखि सबैभन्दा लामो गन्तव्य धनगढीमा रु १७ हजार ५७९ र सबैभन्दा नजिक काठमाडौं-सिमरामा रु तीन हजार ९७८ रहेको छ ।

अविरल वर्षापछि आएको बाढीले बिपी राजमार्ग पूर्ण रूपमा अवरुद्ध हुँदा हवाईयात्रा गर्ने यात्रुलाई समेत निकै सास्ती भयो । हाइवेको बाटो लामो घुम्ती पार गरेर यात्रा गर्नुपर्ने भएकाले करिब ८ देखि १० घण्टाको यात्रा थप १० घण्टा लामो सकसपूर्ण यात्रा गर्नुपर्ने बाध्यता भयो । बसको भाडा पनि झण्डै दोब्बर तिर्नुपर्‍यो यात्रुले । उदाहरणका रूपमा धरानबाट काठमाडौं आउने बोलेरो जिपले साबिकमा रु दुई हजार भाडा लिने गरेकामा दसैंमा रु तीन हजारदेखि चार हजारसम्म भाडा लिएको पाइयो । त्यसैगरी, कटारी-काठमाडौं साविकमा रु एक हजार २०० भाडा थियो । अहिले यात्रुले रु तीन हजारसम्म तिरेर यात्रा गर्न बाध्य भएका छन् ।

हरेक वर्ष दसैंमा गाउँघर पुगेर आफन्त र साथीभाइसँग रामाइलो गर्ने चाहना सबैलाई हुन्छ । तर, दसैंमा एयरलाइन्सको टिकट पाउन मुस्किल हुन्छ । हवाईयात्रुको चाप बढ्छ । सीमित जहाज र पर्याप्त उडान नहुँदा बर्सेनि हवाईयात्रुलेसास्ती व्यहोर्दै आएका छन् । हवाईयात्रा सहज, सुलभ र उडान सहजीकरण बनाउन सम्बन्धित निकायको बेलैमा ध्यान पुग्न जरुरी छ ।

# 'जेनजी आन्दोलनमा उठेका माग सबै नेपालीको हो'

ललितपुर, २४ असोज (रासस) ।

पूर्वगृहमन्त्री एवं नेपाली कांग्रेसका नेता रमेश लेखकले जेनजी आन्दोलनमा उठेका माग सबै नेपालीको भएको बताउनुभएको छ । गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलन दबाउन सरकारबाट बल प्रयोग गर्ने नीति नरहेको उहाँले स्पष्ट पार्नुभयो ।

पार्टीको केन्द्रीय कार्यालय सानेपामा जारी केन्द्रीय पदाधिकारी बैठकमा सहभागी भएर बहिरिने क्रममा शुक्रबार धारणा राख्नुहुँदै पूर्वगृहमन्त्री लेखकले भदौ २३ गतेको घटनाका सम्बन्धमा सरकारद्वारा गठित आयोगले निष्पक्ष छानबिन गर्नुपर्नेमा जोड दिनुभयो ।

"जेनजी आन्दोलनमा उठेका विषय सबै नेपालीको माग थियो, सुशासन कायम र भ्रष्टाचार नियन्त्रण जेनजीहहरूले उठाएको माग हो, तर त्यो आन्दोलनमा घुसपैठ भएर दुःखद् घटना भयो, घटना दुःखदायी र पीडादायी थियो, मैले २३ गते नै गृहमन्त्रीबाट राजीनामा गरिसकेको थिएँ, २४ गते दुःखद् घटना भयो, सरकारी र निजी संरचनामा आगजनी भए, यो दुःखद् छ", उहाँले भन्नुभयो ।

उहाँले अहिलेको समयमा उत्तेजित हुने र आग्रह पूर्वाग्रहका आधारमा क्रियाशील हुनेभन्दा बृहत्तर हितका लागि ठीक ढङ्गले अगाडि बढ्नुपर्छ भन्नेमा जोड दिनुभयो ।

"२६ गतेको बैठकको तयारीका लागि पदाधिकारी र कार्यसम्पादनको बैठक भएको हो, अहिले नेपाली कांग्रेसमा मात्रै नभएर देशमा एकताको आवश्यकता रहेको छ, बृहतर संवादको आवश्यक छ, जेन जेड पुस्ताले माग गरेको कुरालाई सम्बोधन गर्नुपर्ने छ", उहाँले भन्नुभयो ।

लेखकले भदौ २३ गतेको घटनाको छानबिन गर्नका लागि गठन भएको आयोगले लोकतान्त्रिक पद्धतिभित्र बसेर मुलुकको संविधान र कानुनभित्र बसेर काम गर्नुपर्ने बताउनुभयो ।

# 'नेपाली पुगेका स्थानमा नेपाली भाषा साहित्यको विकास गर्न आग्रह'

काठमाडौँ, २४ असोज (रासस)।

नेपाली पुगेका ठाउँमा नेपाल हुने भएकाले ती ठाउँमा नेपाली भाषा साहित्यको विकास गरिनुपर्नेमा जोड दिइएको छ।

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) को २२औँ स्थापना दिवसका अवसरमा नेपाल प्रज्ञा-प्रतिष्ठान र एनआरएनएको भाषा साहित्य समितिले संयुक्त रुपमा आयोजना गरेको साहित्यिक सङ्गोष्ठी तथा बहुभाषिक सिर्जना वाचन कार्यक्रमका वक्ताले देश अब निश्चित भूगोलभित्र मात्र सीमित नहुने बताएका हुन्। त्यसैले नेपाली पुगेका स्थानामा नेपाली भाषा, साहित्यको विकास गरी नेपाल भएको अनुभूति नयाँ पुस्तालाई दिनुपर्नेमा उनीहरुले जोड दिएका हुन्।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रतिष्ठानका कुलपति भुपाल राईले नेपाली भाषाका साथै नेपालमा बोलिने सबै भाषाका क्षेत्रमा प्रतिष्ठानले काम गर्न लागेको जानकारी गराउनुभयो।

प्रतिष्ठानले हाल ४६ भाषामा काम सुरु गरिसकेको र दश भाषामा पत्रिका नै प्रकाशन सुरु भएको उहाँले सुनाउनुभयो। विश्वका जुनसुकै कुनामा नेपाली पुगेपनि त्यहाँ नेपाली भाषा, साहित्य र संस्कृतिको पनि विकास हुने कुलपति राईले सुनाउनुभयो।

एनआरएनएका अध्यक्ष महेशकुमार श्रेष्ठले कुनै पनि देशका अस्तित्व समाप्त गर्न त्यस देशका भाषा र संस्कृति समाप्त गरे हुने भएकाले विश्वभर फैलिएका गैरआवासीय नेपालीले आफ्ना छोराछोरीलाई नेपाली भाषा र संस्कृतिको प्रवर्द्धन गरी भावनात्मक रुपमा राष्टियताप्रति प्रतिबद्ध बनाएको बताउनुभयो।

प्रतिष्ठानका सदस्य सचिव डा धनप्रसाद सुवेदीले विश्वभर नेपाली भाषा साहित्यको संरक्षण एवं प्रवर्द्धनका लागि एनआरएनएसँग सहकार्य भइरहेको बताउनुभयो।

एनआरएनएका उपाध्यक्ष एवं भाषा साहित्य समितिका संयोजक विश्वासजीत तिगेलाले एनआरएनएको सङ्गठन भएका ९१ देशमा नेपाली भाषा, साहित्यका प्रवर्द्धनमा पनि काम भइरहेको बताउनुभयो।

कार्यक्रममा प्रतिष्ठानका मातृभाषा साहित्य विभाग प्रमुख राजन मुकारुङले नेपाल भाषा र संस्कृतिका दृष्टिले बहुआयामिक भएकाले त्यसै अनुरुपका कामलाई अघि बढाइएको बताउनुभयो।

एनआरएनएका पूर्वमहासचिव शान्ति गुरुङले नेपाल बाहिर बस्ने नेपाली पनि राष्ट्रियताका प्रतीक भएकाले त्यहाँ पनि नेपाली भाषा सहित्यको विकास भएको बताउनुभयो।

कार्यक्रममा विभिन्न भाषाका ५४ जना कवि एवं कवयित्रीले आफ्ना रचना पाठ गरी सुनाउनुभएको थियो।

# राष्ट्रपति पौडेलसमक्ष निर्वाचनसम्बन्धमा जानकारी

काठमाडौँ, २४ असोज (रासस)।

राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष निर्वाचन आयोगले आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारीबारे जानकरी गराएको छ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसहितको प्रतिनिधि मण्डलले बिहीबार राष्ट्रपति पौडेलसँग भेट गरी निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित र शान्तिपूर्ण बनाउन गर्नुपर्ने भावी कार्यक्रमको सम्बन्धमा जानकारी गराउनुभएको हो।

त्यस अवसरमा राष्ट्रपतिलाई आयोगको तर्फबाट प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न गर्न आयोगलाई आवश्यक पर्ने स्रोतसाधन र जनशक्तिको सम्बन्धमा प्रधानमन्त्री सुशीला कार्की तथा सम्बन्धित विभागीय मन्त्रीसँग छलफल गरिएको जानकारी गराइएको थियो। साथै मितव्ययी रूपमा निर्वाचन सम्पन्न गर्न आवश्यक स्रोतसाधन र जनशक्ति प्राप्त हुने तथा निर्वाचनमा भरपर्दो सुरक्षा व्यवस्था मिलाइने सुनिश्चितता सरकारको तर्फबाट प्राप्त भएको पनि उल्लेख गरिएको थियो। निर्वाचनको पूर्वतयारीका लागि आयोगका आन्तरिक प्रशासनीक विषयलाई समेटेर तयार गरिएको कार्ययोजना बमोजिमका कार्यहरू योजनाबद्ध रूपमा सम्पादन गरिरहेको आयोगको भनाइ थियो।

निकट भविष्यमा राजनीतिक दल तथा सरोकारवालासँग छलफल गर्ने कार्यक्रम तय गरेको, संशोधित मतदाता नामावली ऐन, २०७३ बमोजिम मतदाता नामावलीमा नाम दर्ताको काम सञ्चालन रहेको लगायतका विषय जानकारी गराइएको थियो।

उक्त अवसरमा राष्ट्रपतिबाट आयोगलाई निर्वाचनमा सबै नागरिकको सहभागिता हुने वातावरण तयार गर्न, राजनीतिक दल तथा सरोकारवालाहरूसँग तत्काल छलफल अघि बढाउन र तोकिएको समयमा निर्वाचन सम्पन्न गर्ने कार्यको सुनिश्चितताका लागि कार्यतालिका बमोजिमका कार्यहरू समयमै सम्पन्न गर्न निर्देशन भएको निर्वाचन आयोगले जनाएको छ।

निर्वाचन आयोगले स्वीकृत गरेको कार्ययोजना बमोजिम आगामी दिनमा सम्पन्न गर्नुपर्ने निर्वाचन आचारसंहिता निर्धारण तथा कार्यान्वयन, उम्मेदवारको मनोनयन दर्ता, सो उपर छानबिन, उम्मेदवारको अन्तिम नामावली प्रकाशन, मतदानलगायत निर्वाचन कार्यक्रम राजनीतिक दल र सरोकारवालाहरूसँगको परामर्शमा तयार गरिने जानकारी गराएको छ भने निर्वाचनको पूर्वतयारीका सबै कार्यक्रम समयमा नै सम्पन्न हुने विश्वास दिलाएको छ।

# कांग्रेसभित्र एकता र सहकार्यको वातावरण बनाउन जनसम्पर्क समिति भारतको आग्रह

काठमाडौँ, २४ असोज (रासस)।

नेपाली जनसम्पर्क समिति भारतले नेपाली कांग्रेसभित्र एकता र सहकार्यको वातावरण बनाउन आग्रह गरेको छ।

कांग्रेसका पूर्वआमन्त्रित केन्द्रीय सदस्य एवं नेपाली जनसम्पर्क समिति भारतका अध्यक्ष बालकृष्ण पाण्डेले बिहीबार एक विज्ञप्ति जारी गरी पार्टीभित्र एकता र सुधारको अभियान सुरु गर्नुपर्ने बताउनुभयो।

"मुलुकको वर्तमान राजनीतिक परिस्थिति अत्यन्त गम्भीर मोडमा पुगेको छ, कांग्रेसले आत्ममूल्याङ्कन, सुधार र एकता अपरिहार्य रूपमा अङ्गीकार गर्नुपर्छ", विज्ञप्तिमा भनिएको छ।

पाण्डेले गत भदौ २३ र २४ गतेका घटनाक्रमले पार्टीलाई गहिरो पुनरावलोकन गर्न बाध्य बनाएको बताउनुभयो। "हामीले विगतमा राम्रालाई भन्दा हाम्रालाई प्राथमिकता दिने प्रवृत्ति अपनायौँ, जसका कारण पार्टी र शासन दुवै कमजोर बने, अब भ्रष्टाचारमुक्त, पारदर्शी र जनमुखी कांग्रेस निर्माणको बाटोमा अघि बढ्नुपर्छ", उहाँले भन्नुभयो।

उहाँले प्रतिनिधिसभा विघटन असंवैधानिक भएको र त्यसको प्रतिवादमा नेपाली कांग्रेसले कानुनी र राजनीतिक दुवै मोर्चामा सशक्त रूपमा उपस्थित हुनुपर्नेमा जोड दिनुभयो। "कांग्रेसबाहेक लोकतन्त्र र संसदीय प्रणालीका लागि निरन्तर सङ्घर्ष गरेको अर्को कुनै दल छैन, त्यसैले देश र लोकतन्त्र जोगाउने जिम्मेवारी अहिले नेपाली कांग्रेसकै काँधमा आएको छ", पाण्डेले भन्नुभयो।

*बाँकी अन्तिम पृष्ठमा*

# अवैतनिक महावाणिज्यदूतले प्रयोग गर्ने सवारीसाधनको नीलो नम्बर प्लेट खारेज

काठमाडौँ, २४ असोज (रासस)।

सरकारले नेपालस्थित विदेशी मुलुकले नियुक्त गरेका अवैतनिक महावाणिज्यदूत (कन्सुलेट जनरल)ले प्रयोग गर्ने सवारीसाधनलाई प्रदान गरिएको नीलो नम्बर प्लेट खारेज गरेको छ।

अवैतनिक कन्सुलेट जनरलसम्बन्धी अन्तरराष्ट्रिय कानुन, पारस्परिकता, अवैतनिक वाणिज्यदूतसम्बन्धी नियमावली, २०३९, हालको प्रचलनबमोजिम शुक्रबार यो निर्णय लिइएको परराष्ट्र मन्त्रालयले जनाएको छ। नेपालमा हाल ६७ वटा अवैतनिक महावाणिज्यदूत रहेकामा ५० वटाले यो सुविधा लिएका थिए।

साथै, नीलो नम्बर प्लेटका सवारीसाधनको दुरूपयोग भएको भन्ने गुनासो समेतका आधारमा सरकारले यो निर्णय गरेको मन्त्रालयको भनाइ छ। हाल प्रयोगमा रहेका नीलो नम्बर प्लेट भएका सवारीसाधनलाई निजी सवारीसाधनमा परिवर्तन गरिने र यस विषयमा परराष्ट्र मन्त्रालयबाट सम्बन्धित निकायसँग यस निर्णयको कार्यान्वयनका लागि आवश्यक समन्वय हुने जानकारी दिइएको छ।

अवैतनिक कन्सुलेट जनरलले तोकिएको कन्सुलर क्षेत्रभित्र नेपालको राष्ट्रिय दिवस समारोह, सम्बन्धित (नियुक्ति दिने) मुलुकको राष्ट्रिय दिवस समारोह, सम्बन्धित मुलुकको राष्ट्र प्रमुख/सरकार प्रमुख र परराष्ट्रमन्त्री नेपाल भ्रमणमा रहेको समयमा सरकारी भेटघाट र स्वागत तथा बिदाइ र नेपालको लागि सम्बन्धित मुलुकको राजदूतको नेपाल भ्रमणको अवसरमा सम्बन्धित मुलुकको राष्ट्रिय झण्डा प्रयोग गर्न पाउने व्यवस्था भने यथावत रहने छ।

## विश्व समाचार

### इजरायली सरकारद्वारा गाजामा बन्धक मुक्त गर्ने सम्झौता अनुमोदन

जेरुसेलम, २४ असोज (रासस/एएफपी)।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको कार्यालयले शुक्रबार सरकारले हमाससँग बन्धक मुक्तिको सम्झौतालाई अनुमोदन" गरेको बताएको छ। यो सँगै दुवै पक्ष गाजामा दुई वर्ष भन्दा लामो युद्ध र शत्रुता अन्त्य गर्ने सम्झौताको सफलता नजिक पुगेका छन्। इजरायलले सबै पक्षहरूले युद्धविराम सम्झौताको पहिलो चरणमा हस्ताक्षर गरेको उल्लेख गर्दै हमासले बन्दीहरूलाई मुक्त गरे पछि मात्र युद्धको अन्त्य हुने बताएको थियो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजिप्टमा भएको यो सम्झौताले गत महिना गाजाका लागि घोषणा गरेको २०-सूत्री शान्ति योजनालाइ आत्मसाथ गरेको बताउदै आइतबार मध्य पूर्वका लागि प्रस्थान गर्ने योजना बनाएको बताउनु भएको छ। इजिप्टले सम्झौताको समापन मनाउन एउटा कार्यक्रमको योजना बनाइरहेको छ, जसका लागि ट्रम्प पनि इजरायलमा रोकिने अपेक्षा गरिएको छ। इजरायली सरकारले सम्झौता अनुमोदन गर्न बिहीबार बैठकको २४ घण्टा भित्र युद्धविराम गर्ने बताएको थियो, जस अन्तर्गत अन्ततः इजरायली सेना गाजाबाट फिर्ता हुनुपर्ने छ। नेतान्याहुको कार्यालयले शुक्रबार विज्ञप्ति जारी गर्दै सरकारले जीवित र मृतक "सबै बन्धकहरूको रिहाइलाई अनुमोदन गरेको जनाएको छ। जसका लागि नेतान्याहूले दक्षिणपन्थी सहयोगीहरूबाट दबाबको सामना गर्नु परेको थियो। राष्ट्रिय सुरक्षा मन्त्री इटामार बेन गभिरले गाजामा बाँकी रहेका ४७ जना बन्धकहरूको बदलामा हजारौं प्यालेस्टिनी कैदीहरूलाई रिहा गर्ने योजनालाई "असहनीय भन्दै सम्झौताको बिरूद्ध मतदान गर्ने बताउनु भएको थियो। इजरायल र गाजामा उत्सव र विश्व नेताहरूले सम्झौताको प्रशंसासहितको सन्देशको बाबजुद, हमासलाई निशस्त्र बनाउने योजनाको आह्वान र ट्रम्पको नेतृत्वमा गाजाको लागि प्रस्तावित संक्रमणकालीन अधिकार सहित धेरै मुद्दाहरू बिचाराधिन रहेका छन्। हमासका वरिष्ठ अधिकारी ओसामा हमदानले प्यालेस्टिनी इस्लामवादी आन्दोलनले प्रस्तावलाइ अस्वीकार गरेको बताउनु भएको छ। यद्यपि हामासले आफ्नो हतियार आत्मसमर्पण गरेको सवाललाई शान्ति योजनाको दोस्रो चरणमा सम्बोधन गरिने ट्रम्पले बताउनु भएको छ। वरिष्ठ अमेरिकी अधिकारीहरूले अमेरिकी सेन्ट्रल कमान्डका प्रमुख एडमिरल ब्राड कुपरको नेतृत्वमा २०० जनाको सैन्य टोली मध्यपूर्वमा युद्धविरामको "निरीक्षण" गर्न तैनाथ गरिने बताएका छन्। पहिलो चरणको मस्यौदामा बिहीबार "सबै पक्षहरू" द्वारा हस्ताक्षर गरिएको पुष्टि गर्दै इजरायली सरकारका प्रवक्ता सोश बेड्रोसियानले पत्रकारहरूलाई भन्नु भयो "हाम्रा सबै बन्धकहरू, जीवित र मृतकहरू, ७२ घण्टा पछि रिहा हुनेछन्। विदेश मन्त्री गिदोन सारले बन्धकहरूको रिहाइले "यो युद्धको अन्त्ये हुने बताउनु भएको छ। इजरायली नेटवर्कसँगको दुर्लभ अन्तर्वार्तामा प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासले च्यानल सम्झौता एउटा ऐतिहासिक क्षण भएको उल्लेख गर्दै रक्तपात बन्द भएकोमा खुशी भएको तथा यो दिगो हुने आशा व्यक्त गर्नु भयो।

### जापानमा विदेशी बासिन्दाको सङ्ख्या करिब ४० लाख पुग्यो

टोकियो, २४ असोज (रासस/सिन्ह्वा)।

जापानमा बसोबास गर्ने विदेशी नागरिकहरूको सङ्ख्या हालसम्मकै उच्च स्तरमा पुगेको छ। देशमा श्रम शक्ति अभावका कारण पछिल्ला वर्षहरूमा विदेशी कामदारहरूलाई ठूलो सङ्ख्यामा स्वीकार गरिँदै आएको छ। सरकारी तथ्याङ्क अनुसार सन् २०२५ को जुन महिनाको अन्त्यसम्म जापानमा स्थायी वा अस्थायी रूपमा बसोबास गर्ने विदेशी बासिन्दाहरूको सङ्ख्या ३९ लाख ५६ हजार पुगेको हो। अध्यागमन सेवा एजेन्सीले शुक्रबार सार्वजनिक गरेको तथ्याङ्क अनुसार यो सङ्ख्या सन् २०२४ को अन्त्यको तुलनामा करिब पाँच प्रतिशत अर्थात् एक लाख ८७ हजारले वृद्धि भएको हो। हाल जापानको कुल जनसङ्ख्याको तीन दशमलव २१ प्रतिशत हिस्सा विदेशी बासिन्दाहरूले ओगटेका छन्, जुन अघिल्ला वर्षहरूको तुलनामा उल्लेखनीय वृद्धि हो। आवासीय स्थितिको आधारमा हेर्दा स्थायी बासिन्दाहरूको सङ्ख्या एक दशमलव पाँच प्रतिशतले बढ्दै नौ लाख ३२ हजार ९० पुगेको छ, जसले सबैभन्दा ठूलो समूह प्रतिनिधित्व गर्छ। त्यसपछि दोभाषे र अन्य पेशागत कामदारहरू समेत समावेश इन्जिनियर, मानविकी तथा अन्तर्राष्ट्रिय सेवाका विशेषज्ञहरूको भिसा कोटीमा रहेका व्यक्तिहरूको सङ्ख्या नौ दशमलव चार प्रतिशतले बढेर चार लाख ५८ हजार १०९ पुगेको छ। अध्यागमन एजेन्सीका अनुसार हालको बृद्धिदर निरन्तर रहँदा सन् २०२५ को अन्त्यसम्म जापानमा विदेशी बासिन्दाहरूको सङ्ख्या करिब ४१ लाख ५० हजार पुग्ने अपेक्षा गरिएको छ। यसै अवधिमा सन् २०२५ को पहिलो अर्धवार्षिकमा जापानमा प्रवेश गर्ने विदेशी आगन्तुकहरूको सङ्ख्या समेत तीव्र रूपमा बढ्दै दुई करोड १३ लाख मिलियन पुगेको छ। यो अघिल्लो वर्षको तुलनामा २१ प्रतिशतले बढी हो। एजेन्सीको अनुमानअुसार यस वर्षभर जापान प्रवेश गर्ने बिदेशीहरूको कुल सङ्ख्या करिब चार करोड ५० लाख पुग्ने सम्भावना रहेको छ।

### उत्तर प्रदेशमा घरभित्र भीषण विस्फोट, तीन बालकसहित पाँच जनाको मृत्यु

नयाँदिल्ली, २४ असोज (रासस/सिन्ह्वा)।

भारतको उत्तर प्रदेश राज्यमा रहेको अयोध्या जिल्लाको एक गाउँमा बिहीबार राति घरभित्र भएको भीषण विस्फोटका कारण कम्तीमा पाँच जनाको ज्यान गएको छ। मृतकमध्ये तीन जना बालबालिका रहेको बताइएको छ। प्रहरीले शुक्रबार घटनाको पुष्टि गर्दै अन्य केही व्यक्ति घाइते भएको जानकारी दिएको छ। प्रारम्भिक अनुसन्धान अनुसार विस्फोट एलपीजी ग्यास सिलिन्डर पड्किँदा भएको अनुमान गरिएको छ। तीव्र विस्फोटका कारण दुई तले घर पूर्ण रूपमा ध्वस्त भएको र वरपरका घरहरू समेत क्षतिग्रस्त बनेको प्रहरीले जनाएको छ। विस्फोटको आवाज टाढासम्म सुनिएको बताइएका कारण स्थानीय बासिन्दा पनि आतङ्कित भएका थिए। घटनापछि बम पत्ता लगाउने तथा डिस्पोजल स्क्वाडका सदस्यहरूका साथै फरेन्सिक विशेषज्ञहरूको टोली घटनास्थलमा पुगेर अनुसन्धान थालेका छन्। उनीहरूले विस्फोटको वास्तविक कारण र क्षतिको स्तर पत्ता लगाउने कार्य अघि बढाइरहेका छन्। घाइतेहरूलाई तत्काल उद्धार गरी नजिकैको अस्पतालमा भर्ना गरिएको छ। त्यहाँ उनीहरूको उपचार भइरहेको अधिकारीहरूले जनाएका छन्। प्रहरीका अनुसार घटनाबारे थप अनुसन्धान जारी रहेको छ र क्षतिको विस्तृत बिबरण छिट्टै सार्वजनिक गरिनेछ।

# जापनिज इन्सेफ्लाइटिस सङ्क्रमण बढ्दै, देशभर ३१ जनाको मृत्यु

काठमाडौँ, २४ असोज (रासस)। जापनिज इन्सेफ्लाइटिस सङ्क्रमणबाट यस वर्ष देशभर ३१ जनाको मृत्यु भइसकेको छ। नेपालमा १० वर्षको तुलनामा जापानिज इन्सेफ्लाइटिसको सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या अहिलेसम्मको सबैभन्दा धेरै रहेको स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखा बालस्वास्थ्य तथा खोप शाखा प्रमुख डा अभियान गौतमले जानकारी दिनुभयो।

जापनिज इन्सेफ्लाइटिसबाट सन् २०२४ मा २५, सन् २०२३ मा सात र सन् २०१७ मा एक जनाको मात्र निधन भएको थियो। सन् २०१८ देखि २०२२ सम्म जापानिज इन्सेफ्लाइटिसबाट कसैको पनि मृत्यु भएको थिएन। "विगत १० वर्षको तुलनामा अहिले मृत्यु हुनेको सङ्ख्या धेरै हो", उहाँले भन्नुभयो, "मृत्यु हुनेमा खोप नलगाएका ४० वर्षभन्दा माथिका रहेका छन्।"

उहाँका अनुसार यस वर्ष जापानिज इन्सेफ्लाइटिस सङ्क्रमण १६४ र गत वर्ष ८६ जनामा देखिएको थियो। खोप शाखा प्रमुख डा गौतमले खोप लगाएकामा विस्तारै खोपले काम गर्न छाडेपछि पनि सङ्क्रमणले गर्दा मृत्यु भइरहेको बताउनुभयो। जापनिज इन्सेफ्लाइटिस अहिले ४२ जिल्लाका ११० पालिकामा फैलिएको छ।

"विगतको तथ्याङ्क हेर्दा जापनिज इन्सेफ्लाइटिसको सङ्क्रमण बढ्दै गइरहेको छ", उहाँले भन्नुभयो, "लामखुट्टे सक्रिय भएर हो कि, सुँगुर वा हाँसको पालनले गर्दा हो त्यसको अध्ययन हामीले गरिरहेका छौँ।" उहाँका अनुसार यस वर्ष कोशी प्रदेशमा चार, मधेस प्रदेशमा तीन, बागमती प्रदेशमा पाँच, गण्डकी प्रदेशमा पाँच, लुम्बिनी प्रदेशमा ११, कर्णाली प्रदेशमा एक र सुदूरपश्चिम प्रदेशमा दुई गरी ३१ जनाको मृत्यु भएको छ।

इन्सेफ्लाइटिसबाट २८ जिल्ला उच्च जोखिमका रहेका छन्। यो रोग विशेषगरी साउनदेखि कात्तिकसम्म बढी देखिन्छ। नेपालमा ८२ प्रतिशत बालबालिकालाई जापानिज इन्सेफ्लाइटिसविरुद्धको खोप लगाइएको छ। नेपालमा सन् १९९८ देखि वर्ष मुनिका बालबालिकालाई नियमित जापानिज इन्सेफ्लाइटिसविरुद्धको खोप लगाइँदै आइएको छ। नेपालमा सन् १९७८ मा पहिलो पटक रुपन्देहीमा जापानिज इन्सेफ्लाइटिस रोग देखिएको हो। जापानमा भने सन् १८६१ मा देखिएको थियो।

खोप शाखा प्रमुख डा गौतमले जापनिज इन्सेफ्लाइटिसको सङ्क्रमण सन् १९९० देखि धेरै नै देखिने थालेको बताउनुभयो। त्यसपछि सरकारले राष्ट्रिय खोपमा इन्सेफ्लाइटिसविरुद्धको खोप पाँच वर्ष मुनिका बालबालिकालाई प्रत्येक वर्ष नियमित दिँदै आएको हो।

# टिकटक भिडियो बनाउन खोलामा हाम फालेका व्यक्ति मृत फेला

बारा २४ असोज (रासस)। लगातार परेको अविरल वर्षाका कारण दुधौरा खोलाको पुलबाट यही असोज १९ गते हाम फालेको टिकटक भिडियो बनाउने क्रममा बेपत्ता भएका बाराको प्रसौनी गाउँपालिका-२ निवासी २१ वर्षीय विकी गोसाईंको शव फेला परेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

उनको छ दिनपछि गण्डक जाने बङ्गरी पुल नजिक शव फेला परेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता विजयराज पण्डितले जानकारी दिनुभयो।

गोसाईं असोज १९ गते आइतबार बिहान ८:३० बजे दुधौरा खोलाको पुलबाट हाम फालेका थिए। उनको सशस्त्र प्रहरी र नेपाली सेनाको गाताखोरले खोजतलास गरेको थियो। गोसाईंका साथमा हामफालेका २० वर्षीय अनुराग केशरवानी पौडेर नदी किनारमा आएका थिए।

इलाका प्रहरी कार्यालय प्रसौनीका प्रमुख प्रहरी निरीक्षक टुपेन्द्र श्रेष्ठका अनुसार, नेपाली सेनाका लप्टन नीरज राईको कमान्डमा २३ जना, सशस्त्र प्रहरी निरीक्षक इन्द्रजङ्ग थापाको नेतृत्वमा १० जना र प्रहरी सहायक निरीक्षक राजनारायण महतोको कमान्डमा १० जना गरी ४३ जनाको टोली मोटरबोट र गोताखोरको सहयोगमा खोजीमा खटिएको छ।

सशस्त्र प्रहरी विपद् व्यवस्थापन गण निजगढका प्रहरी नायब उपरीक्षक सन्दीप अर्यालको नेतृत्वमा खोलाको एक किलोमिटर क्षेत्रमा तीव्र खोजबिन भइरहेको छ। खोजी दुधौरा खोलाको पुलदेखि फेटा गाउँपालिका-१ त्रिवेणीको झुलुङ्गो पुल, त्रिवेणीको नहर पुल, विश्रामपुर गाउँपालिका-५ नकटुवा हुँदै फेटा गाउँपालिका-२ चिलक्षपटीसम्म सञ्चालन गरिएको छ।

# आयोगले प्रहरीलाई फिर्ता पठायो जाहेरी

काठमाडौँ, २४ असोज (रासस)। पूर्वप्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली र पूर्वगृहमन्त्री एवं नेपाली काङ्ग्रेसका नेता रमेश लेखकविरुद्धको जाहेरी बिहीबार प्रहरीमै फिर्ता पठाइएको जेनजी आन्दोलनको घटना जाँचबुझ आयोगले जानकारी गराएको छ।

गत भदौ २३ र २४ को जेनजी आन्दोलनको घटना जाँचबुझ गर्न सरकारद्वारा गठित आयोगका सदस्य एवं प्रवक्ता विज्ञानराज शर्माले उक्त जाहेरी आयोगको कार्यक्षेत्रमा नपरेकाले जिल्ला प्रहरी परिसर काठमाडौँमै फिर्ता गरिएको जानकारी दिनुभयो। यसअघि जिल्ला प्रहरी परिसर काठमाडौँमा परेको उक्त जाहेरी प्रहरीले दर्ता नगरी आयोगमा पठाएको थियो।

बिहीबार आयोगले एक विज्ञप्ति जारी गरी फौजदारी वारदातमा विस्तृत अनुसन्धान तहकिकात गरी कसुरदार देखिने अवस्थामा अभियोजन समेत लगाउने कार्य यस आयोगको कार्यक्षेत्रभित्र नपरेको जनाएको छ।

आयोगलाई उक्त घटनाको भौतिक एवं मानवीय क्षतिको यथार्थ छानबिन गर्ने, घटना घट्नुको कारणको सम्बन्धमा यथार्थ जाँचबुझ गरी सो को यकिन राय सुझाव दिनेसहितको प्रतिवेदन पेस गर्ने र नैतिक एवं मानवीय क्षतिसँग सम्बन्धित सूचना वा निवेदन ग्रहण गरी विश्लेषण गर्ने तथा कारबाहीसम्बन्धमा आवश्यक रायदिने कार्यादेश आयोगले पाएको जारी विज्ञप्तिमा उल्लेख छ। आयोगले फौजदारी वारदातमा अनुसन्धान कार्य गर्न आयोगको प्रतिवेदन कुर्नु नपर्ने पनि स्पष्ट पारेको छ।

# दुई क्विन्टल १९ किलो गाँजा बरामद

**दैनिक समाचारदाता**
**सिरहा, २४ असोज।** सिरहाको भगवानपुर गाउँपालिका २ स्थित बलान नदी किनारबाट सशस्त्र प्रहरीले ठूलो परिमाणमा लागुऔषध गाँजा बरामद गरेको छ।

शुक्रबार बिहान करिब ३ बजे विशेष अपरेसनका क्रममा सशस्त्र प्रहरी बल, नेपालले २ क्विन्टल १९ किलो ४ सय ग्राम गाँजा नियन्त्रणमा लिएको हो।

सीमा सुरक्षा गुल्म ईनर्वाबाट प्रहरी नायब उपरीक्षक (डीएसपी) नन्दराज राईको कमाण्डमा खटिएको टोलीले यो सफलता हासिल गरेको हो। सशस्त्र प्रहरीका अनुसार गाँजा बलान नदीको किनारमा बोराभित्र लुकाएर राखेको अवस्थामा फेला परेको थियो। यद्यपि, गाँजा तस्करीमा संलग्न व्यक्तिहरू भने अन्धकारको फाइदा उठाएर घटनास्थलबाट फरार भएका छन्।

बरामद गरिएको गाँजा आवश्यक कानुनी प्रक्रिया पूरा गरी जिल्ला प्रहरी कार्यालय सिरहामा बुझाइने ७ नम्बर बाहिनीका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक (डीएसपी) श्याम बाबु यादवले जानकारी दिएका छन्। गाँजा तस्करहरूले नेपालका विभिन्न नदीहरू प्रयोग गरी लागुऔषध गाँजा भारततर्फ तस्करी गर्ने गरेका छन्।

### *राजविराज बसपार्क ...*

यातायात व्यवसायी र जेन्जी युवा समूहका प्रतिनिधिहरुको संयुक्त बैठकले छिट्टै बसपार्क संचालनमा ल्याउने निर्णय सर्वसम्मत गरेको हो।

यसका लागि बस पार्क संचालन कार्यविधी समेत तयार गरिसकेको कार्यवाहक नगर प्रमुख परविनले जानकारी दिइन्। उनले बस पार्कसम्म पुग्ने सडकहरु ठेकेदारको लापरवाहीले गर्दा समयमै स्तरोन्नती कार्य सम्पन्न हुन नसकेको भन्दै कारवाही प्रक्रिया अघि बढाउन आफूहरुको अधिकार क्षेत्रमा नपर्ने जिकिर गरिन्।

उनले राज्यको साथ र सहयोग नपाउँदा ठेकेदारले मनपरी गर्न पाएको भन्दै आफूहरुको समस्या र लाचारी बुझिदिन समेत जेन्जी समूहका युवाहरुलाई अनुरोध गरिन्।

जेन्जीका अगुवा मध्येका एक मोहनकुमार यादवले जेन्जी समूहले उठाएका माग जायज रहेको भन्दै आन्दोलनबाट हुने क्षति रोक्न पनि सबै मिलेर अविलम्ब बसपार्क संचालनमा ल्याउनु पर्नेमा जोड दिए।

बैठकले जेन्जी समूह लगायत यातायात व्यवसायी, जनप्रतिनिधि र सरोकारवाला सबै निकायका प्रतिनिधिसहितको बैठक शनिबार (असोज २५ गते) बसपार्क स्थलमै बस्ने र सोही बैठकबाट रुट निर्धारण र सवारी साधान संचालनको मिति तोकिने सहमति गरेको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ।

# मधेस प्रदेशका मुख्यमन्त्री सिंहले विश्वासको मत लिने

**दैनिक समाचारदाता**
**जनकपुर, २४ असोज।** मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले विश्वासको मत लिने भएका छन्।

उनले नेपालको संविधानको धारा १८८ को उपधारा (२) बमोजिम विश्वासको मतका लागि असोज २८ गते विश्वासको मत लिन लागेका हुन्। उनले प्रदेशसभा सचिवालयलाई सोही दिन विश्वासको मत लिने व्यवस्था मिलाइदिन पत्र पठाएका हुन्।

एक सय ७ सदस्यीय मधेस प्रदेशसभामा हाल १०५ जना सदस्य कायम छ। सिंह नेतृत्वको सरकारमा रहेको नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कांग्रेसले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि उहाँले प्रदेशसभाबाट विश्वासको मत लिन लागेका हुन्।

मधेस प्रदेशमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का एक निलम्बितसहित २५, नेपाली कांग्रेसका २२, जनता समाजवादी पार्टी नेपालका १९, जनमत पार्टीका १३, माओवादी केन्द्रका नौ, लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका एक निलम्बितसहित नौ, नेकपा (एकीकृत समाजवादी) पार्टीका सात तथा राप्रपा, नागरिक उन्मुक्ति पार्टी र सङ्घीय समाजवादी पार्टीका एक/एक जना प्रदेशसभा सदस्य छन्।

### *कांग्रेसभित्र ...*

उहाँले असोज २६ गते बस्ने नेपाली कांग्रेसको केन्द्रीय कार्यसमिति बैठकलाई पार्टी एकता र सुधारको दिशामा निर्णायक मोडको रूपमा वर्णन गर्दै उनले बैठकले संविधान र लोकतान्त्रिक व्यवस्थाको संरक्षणका लागि ठोस निर्णय लिनुपर्ने बताउनुभयो।

अध्यक्ष पाण्डेले प्रवासी नेपाली कांग्रेस कार्यकर्ताहरू र युवाशक्तिले पार्टीप्रति ठूलो अपेक्षा राखेको उल्लेख गर्दै पार्टीभित्र साझा दृष्टिकोण, सहमति र पारदर्शिता कायम गर्दै नयाँ ऊर्जाका साथ अघि बढ्न आह्वान गर्नुभयो।

### *ट्रकको ठक्करबाट ...*

चालक भने फरार भएकोले खोजी कार्य भइरहेको काफ्लेले बताए। घटनापछि आक्रोशित भएका मृतकका आफन्त र स्थानीयबासीले राजमार्ग अवरुद्ध गरेका छन्।

प्रहरीका अनुसार स्थानीयलाई सम्झाइ बुझाइ गरी राजमार्ग सुचारु गराउने प्रयास भइरहेको प्रहरीले जनाएको छ।

भर्ना खुल्यो
गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध
युनिभर्सल कलेज
RAJBIRAJ UNIVERSAL ACADEMY
राजविराज,८, पुलचोक, सप्तरी
+2
विज्ञान
व्यवस्थापन
शिक्षाशास्त्र
मानविकी
For More Information Contact :
Contact : 031-590366, 9842820071, 9805928831

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*